**नेवाः देय् दबूको विधान-१११५**

संशोधन प्रस्ताव

| क्रसं | दफा | विधानमा भईरहेको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| | २ घ | **"समिति"** भन्नाले संस्थाको केन्द्रीय समितिलाई सम्झनु पर्दछ । यो शब्दले विधान बमोजिम गठन भएको जिल्ला, नगर/गाउँ/प्रारम्भिक समिति समेतलाई जनाउँदछ । | **"समिति"** भन्नाले संस्थाको केन्द्रीय समितिलाई सम्झनु पर्दछ । यो शब्दले विधान बमोजिम गठन भएको प्रदेश, जिल्ला, पालिका/ वडा/प्रारम्भिक समिति समेतलाई जनाउँदछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २ ङ | **"राष्ट्रिय अधिवेशन"** भन्नाले यस संस्थाको राष्ट्रिय अधिवेशनलाई सम्झनु पर्दछ र **"अधिवेशन"** भन्नाले जिल्ला, नगर/गाउँ को अधिवेशनलाई सम्झनु पर्दछ । | **"राष्ट्रिय अधिवेशन"** भन्नाले यस संस्थाको राष्ट्रिय अधिवेशनलाई सम्झनु पर्दछ र **"अधिवेशन"** भन्नाले प्रदेश/जिल्ला/ पालिका/ वडा को अधिवेशनलाई सम्झनु पर्दछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २ च | **"बैठक"** भन्नाले नेवाः देय् दबूको केन्द्रीय समितिको बैठक सम्झनु पर्दछ । यो शब्दले बिधान बमोजिम गठन भएको बिभाग, जिल्ला, नगर/गाउँ/प्रारम्भिक समितिको बैठक समेतलाई जनाउँदछ । | **"बैठक"** भन्नाले नेवाः देय् दबूको केन्द्रीय समितिको बैठक सम्झनु पर्दछ । यो शब्दले बिधान बमोजिम गठन भएको बिभाग/प्रदेश/जिल्ला/पालिका/वडा/प्रारम्भिक समितिको बैठक समेतलाई जनाउँदछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २ ज | **"पार्षद"** भन्नाले केन्द्रीय जिल्ला, नगर/गाउँ परिषदका सदस्यलाई सम्झनु पर्दछ । | **"पार्षद"** भन्नाले केन्द्रीय प्रदेश/जिल्ला/ पालिका/ परिषदका सदस्यलाई सम्झनु पर्दछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २ ञ | **"सचिवालय"** भन्नाले विधान बमोजिम गठन भएको केन्द्रीय, जिल्ला, नगर/गाउँ कार्य सम्पादन समितिलाई सम्झनु पर्दछ । | **"सचिवालय"** भन्नाले विधान बमोजिम गठन भएको केन्द्रीय, जिल्ला, पालिका कार्य सम्पादन समितिलाई सम्झनु पर्दछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २ ढ | **"परिषद"** भन्नाले विधान बमोजिम गठन भएको जिल्ला, नगर/गाउँ परिषदलाई सम्झनुपर्दछ | **"परिषद"** भन्नाले विधान बमोजिम गठन भएको प्रदेश, जिल्ला, पालिका परिषदलाई सम्झनुपर्दछ | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | २, न | थप | पालिका समिति - पालिका समिति भन्नाले संस्थाको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समिति समेतलाई सम्झनु पर्दछ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |
| | ४ | संस्थाको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आवश्यकतानुसार नेपाल बाहिर समेत शाखा कार्यालयहरु खोल्न सक्ने छ । जिल्ला, नगर/गाउँ/प्रारम्भिक र वडा कार्य समितिको कार्यालय आ-आफ्नो पायक पर्ने स्थानमा रहने छ । | संस्थाको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आवश्यकतानुसार नेपाल बाहिर समेत शाखा कार्यालयहरु खोल्न सक्ने छ । प्रदेश, जिल्ला, पालिका र वडा कार्य समितिको कार्यालय आ-आफ्नो पायक पर्ने स्थानमा रहने छ । | राज्यको पुनःसंरचना अनुसार संस्थाको संरचना मिलान गर्न |

| | | | | |
|---|---|---|---|---|
| | ६, १ | थप | **आजिवन सदस्य :** नेवाः भाषा, कला, संस्कृति, व्यापार व्यवसाय, राजनीतिक, सामाजिक आदि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएको व्यक्तिहरुलाई तोकिएको शुल्क लिइ प्रदान गरिएको सदस्य । | संस्थाको आजिवन सदस्यताको व्यवस्था गर्न |
| | ६, १ | थप | **श्रयस्कर सदस्य :** नेवाः देय् दबू तथा आवद्ध संस्थालाई आर्थिक, भौतिक सहयोग पुऱ्याएका व्यक्तिहरुलाई प्रदान गर्ने सदस्यता ।<br>**नेवाः विशिष्ट सदस्य** : तोकिएको शुल्क लिइ केन्द्रबाट प्रदान गर्ने सदस्यता | संस्थाको श्रयस्कर, नेवाः विशिष्ट सदस्यताको व्यवस्था गर्न |
| | १० ख | थप | केन्द्रीय समितिका सम्पूर्ण सदस्यहरु | केन्द्रयि समितिका पदाधिकारीहरुको प्रतिनिधित्व सुनिश्चित गर्न |
| | १० ख | थप | प्रत्येक जिल्लाबाट कम्तीमा १ जना सदस्य पर्ने गरी प्रदेश अधिवेशनबाट निर्वाचित कम्तिमा १८ वा प्रदेश अधिवेशनमा प्रतिनिधित्व गर्ने संख्याको आधारमा १०:१ बाट हुने संख्यामध्ये जुन बढी हुन्छ सो संख्या बमोजिम निर्वाचित प्रतिनिनि हुनेछ । | महाधिवेशनमा प्रदेश समितिको प्रतिधित्व सुनिश्चित गर्न |
| | १० ख २ | २) जिल्ला अधिवेशनबाट निर्वाचित कम्तिमा ५ वा जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने संख्याको आधारमा १०:१ बाट हुने संख्यामध्ये जुन बढी हुन्छ सो संख्या बमोजिम निर्वाचित प्रतिनिधि हुनेछ । | प्रदेश समितिको सिफारिसमा जिल्ला अधिवेशनबाट अध्यक्ष सहित निर्वाचित कम्तिमा ५ जना । | |
| | १२ ङ | ङ) जिल्ला परिषदबाट ५०:१ जना प्रतिनिधि | हटाउने | |
| | १२ ट | थप | प्रदेश अधिवेशन | |
| | १४, १ | क) अध्यक्ष १<br>ख) सात प्रदेशबाट उपाध्यक्ष ७<br>ग) सदस्यहरु<br>(१) प्रदेश सदस्य ७<br>(२) निर्वाचित महिला सदस्य ६<br>(३) खुल्ला निर्वाचित ६<br>(४) मनोनित ६<br>३३ | क) अध्यक्ष १<br>ख) बरिष्ठ उपाध्यक्ष १<br>ग) उपाध्यक्ष २<br>घ) महिला उपाध्यक्ष १<br>ङ) महासचिव १<br>च) सचिव १<br>च) महिला सचिव १<br>ज) जातीय परिषद सचिव १<br>ञ) प्रदेश सदस्यहरु ८<br>ट) महिला सदस्य ६ | लोकतान्त्रिक प्रकृयाबाट केन्द्रयि पदाधिकारीहरुको निर्वाचन गराउन |

| | | | | |
|---|---|---|---|---|
| | | | ठ) खुल्ला सदस्य ६<br>ड) मनोनित ४<br>३३<br>प्रदेश अध्यक्ष तथा केन्द्रीय विषयगत संगठन अध्यक्ष स्थायी अमन्त्रित सदस्य हुनेछ । | |
| | १४, २ | (२) मनोनित सदस्य ४ जना बाहेक अन्य पदाधिकारी तथा सदस्यहरुको निर्वाचन प्रजातान्त्रिक प्रकृया अनुरुप गरिनेछ । केन्द्रीय समितिमा कम्तिमा ३३ प्रतिशत महिला रहनेछ । उपाध्यक्षहरु र प्रदेश सदस्यहरुको हकमा सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरु बीच चुन्ने र चुनिने प्रक्रिया हुनेछ । | (२) मनोनित सदस्य ४ जना बाहेक अन्य पदाधिकारी तथा सदस्यहरुको निर्वाचन प्रजातान्त्रिक प्रकृया अनुरुप गरिनेछ । केन्द्रीय समितिमा कम्तिमा ३३ प्रतिशत महिला रहनेछ । | पदाधिकारीहरु प्रजातान्त्रिक प्रकृया अनुरुप निर्वाचित हुने व्यवस्था गर्न |
| | १४,४ | (४) उपदफा (१) बमोजिम केन्द्रीय समिति गठन पश्चात अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिको निर्णयबाट निर्वाचित सदस्यहरु मध्येबाट महासचिव नियुक्ति गरिनेछ । देहाय बमोजिमका पदाधिकारीहरुको कार्य विभाजन केन्द्रीय सदस्य मध्येबाट गरिनेछ ।<br>(क) कोषाध्यक्ष १<br>(ख) सचिव ३ (महिला १ सहित) | (४) उपदफा (१) बमोजिम अध्यक्षद्वारा केन्द्रीय सदस्यहरु मध्येबाट देहाय बमोजिमका पदाधिकारीहरुको कार्य विभाजन गरिनेछ ।<br>(क) उप महासचिव १<br>(ख) कोषाध्यक्ष १ | संस्थाको दैनिक कार्य संचालनको लागी पदाधिकारीको व्यवस्था गर्न |
| | १४,५क | क) अध्यक्षको पद रिक्त भएमा उपाध्यक्षहरु मध्येबाट केन्द्रीय समितिले कार्यबाहक अध्यक्ष चयन गरिनेछ । केन्द्रीय समितिले कार्यबाहक अध्यक्ष नियुक्ति नगरे सम्म केन्द्रीय सचिवालयले उपाध्यक्ष मध्येबाट निमित्त अध्यक्ष तोक्न सक्नेछ । | क) अध्यक्षको पद रिक्त भएमा बरिष्ठ उपाध्यक्ष र बरिष्ठ उपाध्यक्षको पद रिक्त भएमा उपाध्यक्षहरु मध्येबाट केन्द्रीय समितिले कार्यबाहक तोक्ने वा आवश्यक पदपुर्ति गरिनेछ । | बरिष्ठ उपाध्यक्षको व्यवस्था भए अनुसार |
| | १५ झ | झ) देय् दबूको दैनिक कार्य सम्पादन गर्नका लागी १५ सदस्यीय केन्द्रीय सचिवालय (ज्यासना पुचः)को गठन गर्ने । केन्द्रीय सचिवालयमा देय् दबूका अध्यक्ष-१, उपाध्यक्ष-७, महासचिव-१, सचिव-३, कोषाध्यक्ष-१ र सदस्य २ जना समेत | झ) देय् दबूको दैनिक कार्य सम्पादन गर्नका लागी ११ सदस्यीय केन्द्रीय सचिवालय (ज्यासना पुचः)को गठन गर्ने । यसको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुने छ । | सचिवलायको कार्य चुष्टदुरुष्ट राख्न |

| | | | | |
|---|---|---|---|---|
| | | गरी जम्मा १५ जना रहनेछन् । यसको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुनेछ । | | |
| | १८ | थप | बरिष्ठ उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार<br>क) अध्यक्षले दिएको काम कार्वाही जवाफदेहिताको साथ जिम्मेवारी बहन गर्ने ।<br>ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।<br><br>उप महासचिवको काम, कर्तव्य र अधिकार<br>महासचिवको काममा पूर्ण सहयोग गर्ने र महासचिवको अनुपस्थितिमा जिम्मेवार भई महासचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने । | बरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न |
| | | थप | **प्रदेश समिति**<br>नेवाः देय् दबूको देहाय बमोजिम प्रदेश समितिहरु रहनेछ ।<br>क) प्रत्येक छवटा प्रदेशबाट - प्रदेश - ६<br>ख) प्रदेश नं. ३ समिति (काठमाडौं, ललितपुर र भक्तपुर बाहेक) - १<br>ग) काठमाडौं उपत्यकको - स्वनिगः प्रदेश- १<br>**प्रदेश अधिवेशन**<br>क) प्रत्येक ३ वर्षमा नेवाः देय् दबूको प्रदेश अधिवेशन हुनेछ ।<br>ख) प्रदेश अधिवेशन देहाय वमोजिम हुनेछ ।<br>१) प्रदेश समितिका पदाधिकारी र सम्पूर्ण सदस्यहरु<br>२) प्रत्येक जिल्ला अधिवेशनबाट समानुपातिक प्रतिनिधित्व रहने गरी जिल्ला अध्यक्ष सहित ५ जना वा जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने संख्याको आधारमा १०:१ बाट हुने संख्यामध्ये जुन बढी हुन्छ सो संख्या बमोजिम निर्वाचित प्रतिनिधि हुनेछ ।<br>३) पालिका समितिको अध्यक्ष सहित २ जना<br>४) विषयगत संगठन (भातृ) प्रदेश स्तरीय समिति प्रत्येकबाट २ जना प्रतिनिधि, | संस्थालाई मुलुकको संघीय संरचना स्वरुप अनुरुपको संगठनात्मक ढाँचा मिलान गर्न<br><br>सम्पूर्ण नेवारहरुको कूल जनसंख्याको लगभग ५० प्रतिशत जनसंख्या काठमाडौं उपत्यकामा बसोबास गर्ने भएको हुँदा काठमाडौं उपत्यकालाई विशेष प्रदेशको स्थान दिन |

| | | | | |
|---|---|---|---|---|
| | | | ५) नेवार विविध क्षेत्रमा योगदान पुरयाएका बिबिध बिधा र क्षेत्रका नेवारहरु मध्येबाट अध्यक्षद्वारा समानुपातिक प्रतिनिधित्व रहने गरी प्रदेश अधिवेशन गर्दा कूल हुन आउने प्रतिनिधि संख्याको बढीमा ७ प्रतिशत सदस्यहरु<br><br>६) प्रदेश समितिले प्रदेश अधिवेशनको आव्हान ३० दिन अगाडि गर्नेछ ।<br><br>७) गणपुरक संख्या : प्रदेश अधिवेशनको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । पहिलोपटक गणपुरक संख्या नपुगेमा लगतै बस्ने अधिवेशनको गनपुरक संख्या ४० प्रतिशत हुनेछ । दोश्रो पटक पनि आबश्यक गणपुरक संख्या नपुगेमा सभा स्थगित गरी सोही दिन बस्ने प्रदेश अधिवेशनमा उपस्थित सदस्य संख्यालाई नै गणपुरक संख्या मानिने छ ।<br><br>ग) प्रदेश अधिवेशनको अध्यक्षता प्रदेश समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।<br><br>घ) प्रस्तावको विषयमा माथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । तर मत बराबर भएमा अध्यक्षले निर्नायक मत दिनेछ ।<br><br>**२०) प्रदेश अधिवेशनको काम, कर्तब्य र अधिकार**<br><br>क) नेवाः देय् दबूको प्रदेश समितिले प्रस्तुत आर्थिक विवरण, प्रतिवेदन अध्ययन गरी त्यसलाई पारित गर्ने वा आवश्यक निर्णय गर्ने ।<br><br>ख) प्रदेश समितिले गरेका कामहरु व्यवस्थित छ वा छैन मूल्याङ्कन गर्ने ।<br><br>ग) नेवाः देय् दबूको प्रदेश स्तरीय पदाधिकारी र सदस्यहरु निर्वाचित गर्ने ।<br><br>घ) राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्ने<br><br>**२१ गठन र अन्य व्यवस्था**<br><br>१) संस्थाको निति निर्माण तथा दैनिक संचालन गर्न २१ देखि २९ सदस्यीय एक प्रदेश समिति रहनेछ ।<br><br>क) अध्यक्ष-१<br><br>ख) उपाध्यक्ष -२ | |

ग) मख्य सचिव -१

घ) सचिव - १

ङ) महिला सचिव - १

च) कोषाध्यक्ष -१

छ) प्रत्येक जिल्ला अध्यक्ष पदेन सदस्य

ज) खुल्ला - ४ (आवश्यकता अनुसार थपघट हुन सक्ने)

झ) महिला - ४ (आवश्यकता अनुसार थपघट हुन सक्ने)

*(स्वनिगः प्रदेश अन्तर्गत काठमाडौं, ललितपुर, भक्तपुर तथा विभिन्न क्षेत्रबाट स्वनगिःमा क्रियाशिल सम्पर्क समितिहरुको एक समितिलाई जिल्ला समिति सो सरह मानीनेछ ।)*

२) प्रदेश समितिको कार्यावधि ३ बर्षको हुनेछ । तर यिनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

३) प्रदेश समिति केन्द्रीय समिति/प्रदेश अधिवेशन प्रति उत्तरदायी हुनेछ ।

४) अध्यक्षको निर्देशन अनुसार मुख्य सचिवले प्रदेश समितिको बैठक साधारणतया दुई महिनामा एक पटक बोलाउने छ । बैठक बोलाउने सूचना सबै सदस्यहरुलाई विशेष र आकस्मिक बैठक बाहेक ७ दिन अगावै लिखित रुपमा दिनुपर्नेछ ।

५) कुनैपनि सदस्य बिना सूचना लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा स्वतः पदमुक्त भएको मानिनेछ ।

**२१) प्रदेश समितिको काम, कर्तव्य र अधिकार**

क) संस्थाको उद्धेश्य प्राप्तिको लागी आवश्यक पर्ने विषयहरुमा नीतिगत निर्णयहरु गर्ने ।

ख) प्रदेश समितिको बार्षिक प्रतिवेदन तयार गर्ने ।

ग) राष्ट्रिय अधिवेशन/केन्द्रीय समिति/प्रदेश अधिवेशनको बैठकलले पारीत

| | | | | |
|---|---|---|---|---|
| | | | पारित नीति, निर्देशनको पालना गर्ने<br><br>घ) संस्थाको उद्धेश्य प्राप्तिको लागी सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय दातृसंस्थाहरुसंग सम्पर्क, सल्लाह तथा सुझाव लिने ।<br><br>ङ) नेवाः देय् दबूमा आवद्ध प्रदेश भित्रका सदस्य संघसंस्थाहरुको गतिविधिहरु निरिक्षण, अनुगमन, समन्वय् गर्ने<br><br>च) प्रदेश भित्रका स्थानीय तह, जिल्ला समितिहरुको अभिलेख राख्ने ।<br><br>छ) प्रदेश भित्रका विभाग, भातृसंगठन/विषयगत समिति, जातीय संगठनहरुसंग सम्पर्क र निरन्तर समन्वय् गर्ने<br><br>ज) आवश्यकता अनुसार समिति, उपसमिति, विभागको गठन गरी अधिकार प्रत्यायोजन गर्ने<br><br>६) पदाधिकारी र सदस्य सम्मिलित प्रदेश समितिको १/३ सम्म सदस्य रहेको प्रदेश सचिवालय गठन गर्ने ।<br><br>ङ) नेपाल आदिबासी जनजाती प्रदेश समन्वय परिषद लगायत प्रदेश स्तरीय संघ संस्था कार्यक्रमहरुमा प्रतिनिधी गर्ने, गराउने ।<br><br>ञ) आवश्यकता अनुसार नेवाः बुद्धिजीवी, विशिष्ट व्यक्तित्वहरु मध्येबाट सल्लाहकार नियुक्ति गर्ने ।<br><br>ट) आवश्यकता अनुसार कर्मचारी दरवन्दि सृजना गरी नियुक्ति र खारेज गर्ने ।<br><br>ठ) लेखा अध्यावधिक राख्ने<br><br>ड) प्रत्येक बर्ष आन्तरिक लेखा परिक्षण गर्ने गराउने सोको प्रतिवेदन केन्द्रमा पठाउने<br><br>ढ) नेवाः देय् दबूको विधानमा भए बमोजिम अन्य कार्य गर्ने गराउने<br><br>ज) कुनै कारणबस अध्यक्षको पद रिक्त हुन गएमा उपाध्यक्ष मध्येबाट कार्यबाहक अध्यक्ष मनोनयन गर्ने<br><br>झ) कुनै कारणबस प्रदेश समितिको कुनै सदस्यको पद रिक्त भएमा प्रदेश समिति पदाधिकारीहरु मध्येबाट बाँकी अवधिको लागि मनोनयन गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | पदपूर्ति गर्ने,<br><br>**२३ पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार**<br><br>**१) अध्यक्षको काम, कर्तब्य र अधिकार**<br><br>क) प्रदेश अधिवेशन र प्रदेश समितिको बैठकको अध्यक्षता गर्ने<br><br>ग) नेवाः देय दबूको विभिन्न क्रियाकलापमा सहयोग गर्ने ।<br><br>नेवाः देय् दबूसँग आवद्ध प्रदेश भित्रका जिल्ला समिति, नगरपालिका समिति, गाउँपालिका समिति, वडा समिति तथा सदस्य संघ/संस्थाहरुको सुपरिवेक्षण गरी आवश्यक परामर्श लिने दिने<br><br>संस्थाको काम कार्वाही सम्बन्धी आवश्यकता अनसुार संघसंस्था वा निकायहरुमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने<br><br>ङ) पदाधिकारी तथा सदस्यहरुको कामको बाँडफाँड गर्ने, निर्देशन दिने र राजिनामा स्वीकृत गर्ने<br><br>ज) संस्थाको चल अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने, गराउने<br><br>झ) समितिको वैठक नवसेको अवस्थामा अपझंट कुनै गर्न आवश्यक देखिएमा उक्त कार्य नभएमा संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी आगामी वैठकमा अनुमोदनका लागि पेश गर्ने<br><br>**२) उपाध्यक्षको काम कर्तव्य र अधिकार**<br><br>क) अध्यक्षको काममा सहयोग गर्ने अध्यक्षले तोकेको काम गर्ने<br><br>ख) अध्यक्षको अनुपस्थितिमा तोकेको उपाध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने<br><br>**३) मुख्य सचिवको काम, कर्तब्य र अधिकार** | |

| | | | | |
|---|---|---|---|---|
| | | | क) अध्यक्षको निर्देशन अनुसार प्रदेश अधिवेशन र समितिको बैठक बोलाउने<br>ख) प्रदेश अधिवेशन तथा समितिद्धारा पारित निर्णयहरु कार्यन्बयन गर्ने गराउने<br>ग) प्रदेश अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने सूचना निकाल्ने, बैठकको निर्णय अभिलेखन गर्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने<br>घ) प्रदेश समितिको तर्फबाट प्रदेश अधिवेशनमा प्रदेश समितिको वार्षिक प्रगति प्रतिवेदन र अगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने<br>ङ) प्रदेश अधिवेशनद्धारा पारित प्रतिवेदन र अगामी वर्षको कार्यक्रम केन्द्रीय समिति र समितिमा पठाउने<br>च) त्रैमासिक प्रगति प्रतिवेदन  र केन्द्रीय समितिमा पठाउने<br>छ) प्रदेश समितिको दैनिक प्रशासनिक कामको जिम्मा लिने<br>ज) अन्य तोकिएको कार्य गर्ने<br><br>**सचिवको काम, कर्तब्य र अधिकार**<br>क) मुख्य सचिवको काममा सहयोग गर्ने र<br>ख) मुख्य सचिवको अनुपस्थितिमा नीजले गर्ने समपूर्ण काम गर्ने ।<br>ग) अध्यक्षले वा समितिले तोकेको जिम्मेवारी पुरा गर्ने ।<br>**४) कोषाध्यक्षको काम कर्तब्य र अधिकार**<br>क) संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मा लिने<br>ख) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने<br>ग) प्रदेश समितिको तर्फबाट प्रदेश अधिवेशनमा प्रदेश समितिको वार्षिक आर्थिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अगामी वर्षको आय-व्यय ( | |

| | | | | |
|---|---|---|---|---|
| | | | बजेट) पेश गर्ने<br><br>घ) दोहोरो लेखा प्रणाली अनुसार उपयुक्त लेखा अभिलेखहरु नियमानुसार दुरुस्त राख्ने लगाउने ।<br><br>ङ) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ सदैव प्रयत्नशील रहने ।<br><br>च) आन्तरिक तथा अन्तिम लेखापरीक्षण र्कायमा सहयोग गर्ने ।<br><br>छ) संस्थाको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको जिन्सी खाता अधावधिक रुपमा राख्ने राख्न लगाउने ।<br><br>ज) संस्थाको दैनिक आर्थिक कारोवार सम्वन्धी सम्पूर्ण पत्र ब्यवहार र जनसम्पर्क राख्ने ।<br><br>**६) सदस्यको काम कर्तव्य र अधिकार**<br><br>क) बैठक र संस्थाको कार्यक्रमहरुमा नियमित उपस्थित हुने<br><br>ख) प्रदेश समितिको बैठकमा प्रस्तुत भएका प्रस्तावहरुमा सकृय रुपले छलफलमा सहभागी भई निर्णय पारित गर्न योगदान गर्ने<br><br>ग) अध्यक्ष वा समितिले तोकेको जिम्मेवारी जवाफदेही भइ बहन गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | थप | **वडा समिति**<br><br>**वडा अधिवेशन**<br>(१) देहाय बमोजिम आवश्यकता अनुसार वडा अधिवेशन गठन हुनेछ<br>क) सम्बन्धित वडाका सम्पूर्ण साधारण सदस्यहरु<br>ख) सम्बन्धित वडामा बसोवास गर्ने आजीवन सदस्य<br>ग) सम्बन्धित वडामा बसोवास गर्ने नेवाः विशिष्ट सदस्य<br><br>**वडा अधिवेशनको काम कर्तव्य र अधिकार**<br>क) वडा कार्यसमितिद्धारा प्रस्तुत योजना, बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र अगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा प्रस्तावित वजेट अनुमोदन गर्ने<br>ख) प्रतिनिधिहरु मध्येबाट अध्यक्ष एक सहित कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनेगरी बढी ७ जना निर्वाचित गर्ने<br>ग) वडा अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने<br><br>वडा **कार्य समिति गठन र अन्य व्यवस्था**<br>(१) संस्थाको नीति निर्माण तथा दैनिक कार्य संचालन गर्न बढीमा ११ सदस्यीय एक वडा कार्य समिति रहनेछ ।<br>(२) उपदफा (१) बमोजिम वडा कार्य समिति निर्वाचित भइसकेपछि निर्वाचित सदस्यहरु मध्येबाट अध्यक्षको प्रस्तावमा समितिले देहाय बमोजिम पदाधिकारीहरुको पदभार निर्धारण गरिनेछः<br>(क) उपाध्यक्ष १<br>(ख) सचिव १<br>(ग) सहसचिव १<br>(घ) कोषाध्यक्ष १<br>(३) सम्बन्धित जिल्लाबाट केन्दीय समिति, राष्ट्रिय परिषद, जिल्ला समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी पदेन | |

| | | | | |
|---|---|---|---|---|
| | | | (४) कार्य समितिको कार्यकाल ३ बर्ष हुनेछ । तर यिनिहरु समितिमा पुनः निर्वाचित हुन सक्नेछन ।<br>(५) कुनै कारणबस वडा कार्यसमितिको कुनै सदस्यको पद रिक्त भएमा साधारण सदस्यहरु मध्येबाट बाँकी अवधिको लागी मनोनयन गरी पदपूर्ति गर्ने<br>(६) अध्यक्षको निर्देशन अनुसार सचिवले कार्य समितिको बैठक साधारणतया प्रत्येक महिना बोलाउने छ ।<br>(७) कार्य समितिले आवश्यक ठानेमा सल्लाहकार नियुक्त गर्न सक्नेछ ।<br><br>वडा **कार्य समितिको काम, कर्तव्य र अधिकार**<br>वडा अधिवेशनको निर्देशनको अधिनमा रही वडा कार्य समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ<br>(क) वडा अधिवेशनमा बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन र अनुमानित आय-व्यय (बजेट) निर्णयार्थ पेश गर्ने<br>(ख) माथिल्लो समितिबाट जारी परिपत्र, निर्देशनहरु निशर्त कार्यान्वयन गर्ने, गराउने<br><br>**पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**<br>**१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**<br>क) वडा कार्य समितिले आयोजना गरेका बैठक तथा कार्यक्रमहरुको अध्यक्षता गर्ने ।<br>ख) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।<br>ग) वडा स्तरीय बैठक, अधिवेशनमा पेश गरिने प्रस्तावहरु तयार गर्ने तथा पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने<br><br>**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**<br>क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।<br>ख) वडा अधिवेशनबाट तोकिएको जिम्मेवारी पूरा गर्ने, गराउने ।<br>ग) अध्यक्षलाई सहयोग पुऱ्याउने ।<br>घ) वडा अधिवेशनलाई क्रियाशील बनाई अगाडि बढाउने ।<br>ङ) अन्य तोकिएको कार्यहरु गर्ने ।<br><br>**३) सचिवको काम, कर्तव्य र अधिकार :**<br>क) वडा कार्यसमितिको प्रशासनिक तथा दैनिक कार्य संचालन गर्ने ।<br>ख) वडा कार्यसमितिको सम्पूर्ण कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिवेदन | |

| | | | | |
|---|---|---|---|---|
| | | | पेश गर्ने, गाउँ/नगर आबद्ध संस्थाहरुसँग परामर्श गरी अधिवेशनमा प्रस्ताव पेश गर्ने ।<br>ग) वडा कार्यसमितिले तोकेको समयावधिमा बैठक बोलाउने, अध्यक्षको सल्लाह बमोजिम अन्य समय परिस्थिति अनुसार बैठक बोलाउने ।<br>घ) बैठकमा पेश हुने प्रस्तावहरुको मस्यौदा तथा बैठकको मिति तोकी अधिवेशनका प्रतिनिधिहरुलाई पत्राचार गर्ने ।<br>ङ) अधिवेशन र वडा कार्य समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।<br>च) अन्य तोकिएको कार्यहरु गर्ने ।<br><br>**४) सह सचिवको काम, कर्तव्य र अधिकार :**<br>क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने ।<br>ख) अधिवेशन र वडा कार्य समितिको बैठकले दिएको जिम्मेवारी बहन गर्ने ।<br>ग) अन्य तोकिएको कार्यहरु गर्ने ।<br><br>**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**<br>क) कोषाध्यक्षले वडा कार्य समितिको आर्थिक कोषको कार्यहरु सम्पादन गर्ने ।<br>ख) वडा कार्य समितिको आय-व्ययको विवरण पारदर्शि रुपमा राख्ने ।<br>ग) वडा कार्य समितिले गरेको आर्थिक कारोवारहरुको प्रत्येक आर्थिक बर्षमा आन्तरिक लेखा परीक्षण गराई र आगामी आर्थिक वर्षको लागी प्रस्तावित बजेट अधिवेशनमा पेश गर्ने ।<br>घ) कोषाध्यक्षले प्रत्येक आर्थिक बर्षको आर्थिक प्रतिवेदन कार्य समिति समक्ष अनुमोदन गराई अधिवेशनमा पेश गर्ने<br>ङ) वडा कार्य समितिको चल अचल सम्पत्तिको विवरण राख्ने तथा तिनीहरुको संरक्षण सम्बर्द्धन गर्ने<br>च) अन्य तोकिएको कार्यहरु गर्ने ।<br><br>**६) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**<br>क) वडा समितिको बैठकमा उपस्थित हुने, छलफल र निर्णयमा भाग लिने ।<br>ख) वडा कार्य समितिको बैठकले दिएको जिम्मेवारी पुरा गर्ने ।<br>ग) वडा कार्य समितिलाई क्रियाशील रुपमा संचालन गर्न सक्रिय भुमिका निर्वाह गर्ने ।<br>घ) अन्य तोकिएको कार्यहरु गर्ने । | |